मधेश प्रदेश सरकार
गृह,सञ्चार तथा कानून मन्त्रालय
मिडिया काउन्सिल
जनकपुरधाम, धनुषा, नेपाल

मिति : २०८३/०२/२५

# प्रेस विज्ञप्ति

## सार्वजनिक सरोकारका विषयमा जिम्मेवार पत्रकारिताको आग्रह

जनकपुरधामबाट प्रसारण हुने जानकी टेलिभिजनको पेज नाउँ, लोगो वा मास्टहेड नेमप्लेटसहित सामाजिक सञ्जालमा होटलमा कथित अवैध गतिविधिसम्बन्धी एउटा भिडियो सामग्री प्रसारण भएको छ। यस भिडियोबारे सार्वजनिक रूपमा उपलब्ध विवरणका आधारमा केही पत्रकारिताजन्य र केही नैतिक प्रश्नहरूप्रति मधेश प्रदेश मिडिया काउन्सिलको ध्यानाकर्षण भएको छ।

सार्वजनिक चासोका विषयवस्तु उठान गर्नु कुनै पनि सञ्चारमाध्यमको महत्वपूर्ण लोकतान्त्रिक र पेसागत दायित्व हो । मानव बेचबिखन, यौन शोषण, जबर्जस्ती वेश्यावृत्ति, संगठित अपराध तथा अन्य गैरकानुनी गतिविधिका विषयमा खोजमूलक पत्रकारिता गर्नु प्रेसको अझ बढी जिम्मेवारीसँग जोडिन्छ । यस्ता विषय उजागर गर्ने कार्य प्रेसको कर्तव्य र अधिकार दुवै हो । तर, यस्ता विषयमा सामग्री प्रकाशन—प्रसारण गर्दा सत्यता, निष्पक्षता, उत्तरदायित्व, गोपनीयताको सम्मान तथा कानुनी प्रक्रियाको पालना अनिवार्य हुन्छ ।

पहिलो, सामग्री प्रसारण गर्ने माध्यम मधेश प्रदेशमा आधारित भए पनि भिडियोको स्थान, समय, स्रोत र सन्दर्भ स्पष्ट रूपमा उल्लेख गरिएको नदेखिनु चिन्ताको विषय हो । सार्वजनिक सरोकारका संवेदनशील विषयमा सामग्री प्रकाशन गर्दा दर्शकलाई भ्रमित नहुने गरी घटनास्थल, सन्दर्भ र स्रोतसम्बन्धी आवश्यक जानकारी उपलब्ध गराउनु पत्रकारिताको आधारभूत दायित्व हो।

दोस्रो, भिडियोको शीर्षक तथा विवरणले गम्भीर आरोपको संकेत गरे पनि सामग्रीभित्र प्रस्तुत तथ्य, प्रमाण र दृश्यबीच पर्याप्त सन्तुलन देखिनु आवश्यक हुन्छ । कुनै व्यक्ति, संस्था वा व्यवसायलाई पर्याप्त प्रमाण र आधिकारिक निष्कर्षबिना अपराधसँग जोडेर प्रस्तुत गर्नु वा दर्शकलाई त्यस्तो निष्कर्षमा पुग्ने वातावरण सिर्जना गर्नु पत्रकारिताको जिम्मेवार अभ्यास मानिँदैन ।

तेस्रो, भिडियोमा होटलमा बसोबास गर्ने व्यक्तिहरूको व्यक्तिगत विवरण, नागरिकता वा पहिचान खुल्ने सामग्री देखाइएको तथा नाम उच्चारण गरिएको विषय विशेष रूपमा संवेदनशील देखिन्छ । कुनै व्यक्तिविरुद्ध आरोप लागेको वा अनुसन्धान भइरहेको मात्र आधारमा उसको व्यक्तिगत विवरण सार्वजनिक गर्नु उपयुक्त हुँदैन सार्वजनिक हित र व्यक्तिको गोपनीयताको अधिकारबीच उचित सन्तुलन कायम गरिनुपर्छ । दोष प्रमाणित नभएका व्यक्तिको पहिचान अनावश्यक रूपमा सार्वजनिक हुँदा उसको प्रतिष्ठा, सामाजिक सम्बन्ध, पेशागत जीवन र व्यक्तिगत सुरक्षामा समेत असर पर्न सक्छ ।

चौथो, भिडियोमा देखिएको अवस्थाले अनुसन्धान वा केरकार गरिरहेको जस्तो देखिए पनि प्रश्न सोध्ने व्यक्ति राज्यको आधिकारिक अनुसन्धान अधिकारी हो वा होइन भन्ने स्पष्ट देखिँदैन । यदि पत्रकार, युट्युबर वा अन्य कुनै व्यक्ति अनुसन्धान निकायको भूमिकामा प्रस्तुत भई व्यक्तिहरूमाथि सोधपुछ गरिरहेको अवस्था हो भने त्यसले पत्रकारिताको सीमारेखा र अनुसन्धान प्रक्रियाको वैधानिकतासम्बन्धी प्रश्न उठाउँछ । पत्रकारको भूमिका तथ्य संकलन, सत्यापन र सार्वजनिक हितमा सूचना प्रवाह गर्ने हो, कानुनी अनुसन्धान सञ्चालन गर्ने होइन ।

Bandan
का.वा. अध्यक्ष

पाँचौं, प्रहरीको उपस्थितिमा अन्य व्यक्तिले सार्वजनिक रूपमा केरकार गर्ने, व्यक्तिगत विवरण प्रदर्शन गर्ने वा आरोपसँग सम्बन्धित सामग्री रेकर्ड गरी प्रसारण गर्ने अभ्यासले अनुसन्धानको निष्पक्षता, सम्बन्धित व्यक्तिको अधिकार तथा न्यायिक प्रक्रियामाथि प्रभाव पार्न सक्ने जोखिम रहन्छ। यस्तो अवस्थामा सञ्चारकर्मीहरूले विशेष सावधानी अपनाउनु आवश्यक हुन्छ ।

छैटौं, होटल वा अन्य व्यवसायिक संस्थामा कार्यरत कर्मचारीहरूको पनि गोपनीयता, मर्यादा, श्रम अधिकार तथा व्यक्तिगत सुरक्षासम्बन्धी अधिकार हुन्छन् । कुनै अभियोग प्रमाणित नभएको अवस्थामा कर्मचारीहरूलाई सार्वजनिक रूपमा शंकाको घेरामा पार्ने वा उनीहरूको पहिचान खुल्ने गरी सामग्री प्रसारण गर्नु मानवअधिकार र जिम्मेवार पत्रकारिताको दृष्टिले संवेदनशील विषय हो ।

सातौं, सामाजिक सञ्जालको तीव्र प्रभावका कारण अपूर्ण, अधुरो वा सन्दर्भविहीन सामग्रीले तत्काल जनधारणा निर्माण गर्न सक्छ । त्यसैले शीर्षक, क्याप्सन, थम्बनेल वा भिडियो सम्पादन गर्दा सनसनी फैलाउने, पूर्वनिर्णय दिने वा व्यक्तिको दोष स्थापित गरिदिने शैलीबाट बच्नुपर्छ ।

आठौं, पछिल्लो समय केही सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल प्लेटफर्महरूबाट निर्वाचित जनप्रतिनिधि, सार्वजनिक पदाधिकारी वा अन्य व्यक्तिहरूलाई कुनै वस्तुगत मापदण्ड, तथ्य वा प्रमाण प्रस्तुत नगरी "राम्रो" वा "खराब" भनेर वर्गीकरण गर्न प्रोत्साहन गर्ने प्रकारका पोस्ट तथा अन्तक्र्रियात्मक सामग्री प्रकाशन—प्रसारण भइरहेको देखिएको छ । सार्वजनिक व्यक्तिहरूको कार्यसम्पादनबारे आलोचना, समीक्षा र मूल्याङ्कन लोकतान्त्रिक अभ्यासको अभिन्न अंश भए पनि त्यस्तो मूल्याङ्कन तथ्य, प्रमाण, सार्वजनिक नीति, सेवा प्रवाह, सुशासन तथा कार्यसम्पादनका वस्तुगत आधारमा हुनुपर्छ । आधार र सन्दर्भविहीन रूपमा व्यक्तिहरूलाई राम्रो वा खराब भनेर स्तरीकरण गर्ने अभ्यासले निष्पक्ष पत्रकारिता, मर्यादित सार्वजनिक बहस र प्रतिष्ठाको अधिकारमाथि प्रतिकूल असर पार्न सक्छ ।

नवौं, सञ्चारमाध्यमहरूले सामाजिक सञ्जालमा अन्तक्रिया बढाउने उद्देश्यले प्रकाशित गर्ने प्रश्न, मतदान, क्याप्सन वा टिप्पणी आह्वान गर्ने सामग्रीमा समेत पत्रकारिताका आधारभूत मूल्य र नैतिक दायित्वको पालना गर्नुपर्छ । सार्वजनिक प्रतिक्रिया सङ्कलन गर्ने नाममा कुनै व्यक्ति वा समूहविरुद्ध अपुष्ट आरोप, अपमानजनक अभिव्यक्ति, चरित्रहत्या वा घृणाजन्य अभिव्यक्ति फैलिने वातावरण सिर्जना गर्नु असल पत्रकारिताको अभ्यास मानिँदैन।

मधेश प्रदेश मिडिया काउन्सिल सम्पूर्ण सञ्चारमाध्यम, पत्रकार, युट्युब सामग्री उत्पादक तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई प्रेस स्वतन्त्रताको प्रयोगसँगै सत्यता, निष्पक्षता, मानवअधिकार, गोपनीयता, प्रतिष्ठा र विधिको शासनप्रतिको सम्मानलाई केन्द्रमा राखेर जिम्मेवार सञ्चार अभ्यास गर्न आग्रह गर्दछ । साथै, सार्वजनिक सरोकारका संवेदनशील विषयमा सामग्री प्रकाशन—प्रसारण गर्दा पत्रकार आचारसंहिता, प्रचलित कानुन, संविधानद्वारा प्रत्याभूत गोपनीयताको अधिकार तथा अन्तर्राष्ट्रिय पत्रकारिता आचारमान्यताहरूको पूर्ण पालना गर्न काउन्सिल पुनः आग्रह गर्दछ।

सञ्चारमाध्यम, अनलाइन प्लेटफर्म वा सामाजिक सञ्जालमा प्रकाशित/प्रसारित कुनै सामग्री पत्रकारिता आचारसंहिता, व्यावसायिक मर्यादा वा नागरिक अधिकारविपरीत रहेको पाइएमा सम्बन्धित विवरण तथा प्रमाणसहित मधेश प्रदेश मिडिया काउन्सिलमा जानकारी गराइदिन सम्पूर्णमा अनुरोध गरिन्छ।

Bandana

..............................

बन्दना झा

कार्यवाहक अध्यक्ष,

मधेश मिडिया काउन्सिल, मधेश प्रदेश

**का.वा. अध्यक्ष**